Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था)

मिति : २०७३/०१/०५

श्री ..........................ज्यू,
संस्थापक शेयरधनी,
माछापुच्छ्रे बैंक लिमिटेड ।

**बिषय : संस्थापक शेयर सर्वसाधारण समुहमा परिवर्तन गर्ने वा नगर्ने सम्बन्धमा ।**

महोदय,

हाल यस बैंकमा संस्थापक शेयरधनिहरुको ६६.५६% र सर्वसाधारण शेयरधनिहरुको ३३.४४% शेयर स्वामित्व रहेको र नेपाल राष्ट्र बैंकबाट जारी एकिकृत निर्देशन २०७२ को निर्देशन नं. १० को बुँदा नं. १५ मा भएको व्यवस्था बमोजिम संस्थापक समूहमा रहेको ६६.५६ प्रतिशत शेयरमध्ये १५.५६ प्रतिशत शेयर सर्वसाधारण समूहको शेयरतर्फ परिणत गरि संस्थापक समूहको ५१ प्रतिशत र सर्वसाधारण समूहको ४९ प्रतिशत शेयर कायम गर्न नेपाल राष्ट्र बैंक समक्ष संचालक समितिको सिफारिस सहित स्वीकृतीका लागि निवेदन दिईएकोमा नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त भई सकेको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन नं १० को १५ (ग) को प्रतिवन्धात्मक व्यवस्थामा कुनै संस्थापक समुहमा रहेको शेयरधनीले माथि उल्लेख भए अनुसारको शेयरहरु अर्को समुहमा परिणत गर्न नचाहेको स्वःघोषणा गर्नु भएमा बाँकी रहेका शेयरधनीहरुले संस्थापक/संस्थापक समुहको शेयर स्वमित्व ५१ प्रतिशतभन्दा कम नहुने गरी त्यस्तो सेयर अनुपात उपयोग गर्न पाउने व्यवस्था गरेको र ऐ. को १५ (ज) मा यस व्यवस्था अनुरुप बिक्री/परिणत गर्ने कार्य एक पटक मात्र गर्न पाइने भन्ने व्यवस्था रहेको समेत जानकारी गराउँदछौं ।

अत : नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन, नेपाल धितोपत्र बोर्डबाट जारी परिपत्र तथा नेपाल राष्ट्र बैंकले शेयर संरचना परिवर्तन गर्न यस बैंकलाई दिएको स्वीकृतीको आधारमा संस्थापक समुहमा रहेको ६६.५६ प्रतिशत शेयरमध्ये १५.५६ प्रतिशत शेयर सर्वसाधारण समूहको शेयरतर्फ परिणत गरि संस्थापक समूहको ५१ प्रतिशत र सर्वसाधारण समूहको ४९ प्रतिशत शेयर कायम रहने गरी प्रत्येक संस्थापक शेयरधनीबाट आफ्नो हकको संस्थापक शेयर समानुपातिक रुपमा सर्बसाधारण समुहको शेयरमा परिणत गर्ने वा नगर्ने भन्ने प्रयोजनको लागि यसै साथ संलग्न निवेदन ढाँचाको कुनै एक विवरण भरी यो पत्रको मितिले ढिलोमा १५ दिन भित्र यस बैंकमा उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

तहाँबाट सर्बसाधारण समूहमा परिणत नगर्ने भनी म्याद भित्र निवेदन प्राप्त नभएमा सर्बसाधारण समुहमा शेयर परिणत गर्न ईच्छुक रहेको मानी नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको अधिनमा रही बैंकको आगामि १७ औं बार्षिक साधारण सभाबाट उक्त बमोजिम शेयर संरचना परिणत गर्ने सम्बन्धि प्रस्ताव पारित भएपश्चात संस्थापक समुहमा ५१% शेयर कायम रहने गरी तहाँको हक हिस्साको संस्थापक शेयर समेत समानुपातिक रुपमा सर्बसाधारण समुहमा परिणत गरिने व्यहोरा यसै पत्र मार्फत जानकारी गराउँदछौं ।

संलग्न :
१. आफ्नो हक हिस्सा परिवर्तन गर्ने वा नगर्ने निवेदनको ढाँचा थान - १

भवदीय,

................
टिका भट्टराई
कम्पनी सचिव


Corporate Office:
P.O.Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-1-4428556, Fax: +977-1-4425356 Swift: MBLNNPKA, Email: machbank@mbl.com.np www.machbank.com
Head Office: Nayabazar, Pokhara, Tel: 977-061-530900, Fax: 977-061-530500

**तलको कुनै एउटा (१) वा (२) मात्र भरि दिनु होला**

**१. (संस्थापक शेयरलाई सर्वसाधारण समुहमा परिवर्तन गर्न चाहने संस्थापक शेयरधनिहरुले मात्र भर्ने)**

..........................................................................................................................

श्री माछापुच्छ्रे बैंक लिमिटेड, मिति : ...................................

कर्पोरेट कार्यालय, लाजिम्पाट, काठमाण्डौ ।

बिषय : संस्थापक शेयर सर्वसाधारण समुहमा परिणत गर्ने सम्बन्धमा ।

महाशय,

उपरोक्त सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा स्वीकृती बमोजिम संस्थापक समुहको शेयर स्वामित्व ५१% र सर्वसाधारण समुहको ४९% कायम गर्ने सन्दर्भमा बैंकको कुल संस्थापक शेयरधनि समुहमा ५१% हुने गरी मेरो स्वामित्वमा रहेको त्यस बैंकको संस्थापक शेयर मध्ये मेरो हक हिस्साबाट सर्वसाधारण समुहमा परिणत गर्न मिल्ने अनुपातमा संस्थापक शेयर सर्वसाधारण समुहमा परिणत गर्ने ब्यवस्था मिलाई दिनु हुन अनुरोध गर्दछु ।

**भवदीय,**

संस्थापक शेयरधनिको नाम :

शेयरधनी/ हितग्राही नं. :

ठेगाना :

फोन नं. :

हस्ताक्षर :

..........................................................................................................................

**२. (संस्थापक शेयरलाई सर्वसाधारणमा परिवर्तन गर्न नचाहने संस्थापक शेयरधनिहरुले मात्र भर्ने)**

..........................................................................................................................

श्री माछापुच्छ्रे बैंक लिमिटेड, मिति : .............................

कर्पोरेट कार्यालय, लाजिम्पाट, काठमाण्डौ ।

बिषय : **संस्थापक शेयर सर्वसाधारणमा परिणत नगर्ने सम्बन्धी स्वःघोषणा ।**

महाशय,

नेपाल राष्ट्र बैंकबाट जारी एकिकृत निर्देशन, २०७२ को इ.प्रा. निर्देशन नं.१० को १५ (ग) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मेरो नाममा रहेको त्यस बैंकको संस्थापक शेयर सर्वसाधारण समुहमा परिणत गर्ने ईच्छा नभएको ब्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

**भवदीय,**

संस्थापक शेयरधनिको नाम :

शेयरधनी/ हितग्राही नं. :

ठेगाना :

फोन नं. :

हस्ताक्षर :

नोट : यो २ नं.को ढाँचा बमोजिम सर्वसाधारण समुहमा परिणत गर्न नचाहने भनि पत्रको मितिले १५ दिन भित्र बैंकमा उपलब्ध नभएमा परिणत गर्न ईच्छुक रहेको मानि सोही बमोजिम कारवाही अगाडी बढाईने छ ।

# माछापुच्छ्रे बैंक लिमिटेडका
# संस्थापक शेयरधनीहरुलाई अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७३/०१/०६)

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा नेपाल धितोपत्र बोर्डबाट जारी परिपत्रको अधिनमा रहि यस बैंकको संस्थापक समूहमा हाल कायम रहेको ६६.५६ प्रतिशत शेयरमध्ये १५.५६ प्रतिशत शेयर सर्वसाधारण समूहको शेयरतर्फ परिणत गरि संस्थापक समूहको ५१ प्रतिशत र सर्वसाधारण समूहको ४९ प्रतिशत शेयर कायम गर्न नेपाल राष्ट्र बैंक समक्ष संचालक समितिको सिफारिस सहित स्वीकृतीका लागि निवेदन दिईएकोमा नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त भई सकेको हुँदा उक्त बमोजिम आफ्नो शेयर सर्वसाधारण समूहमा परिणत गर्ने वा नगर्ने सम्बन्धमा सम्पूर्ण संस्थापक शेयरधनीहरुलाई निवेदन ढाँचा समेत संलग्न गरी पत्राचार गरिएको ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

उक्त पत्र प्राप्त गरी सक्नु भएको भए सो पत्र साथ संलग्न कुनै एक निवेदन ढाँचामा र सो पत्र तथा सो साथ संलग्न निवेदन ढाँचा प्राप्त नगर्नु भएमा यसै सूचनालाई आधार मानि यो सूचना प्रकाशित भएको मितीले १५ (पन्ध्र) दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय, नयाँबजार, पोखरा तथा कर्पोरेट कार्यालय, काठमाण्डौंमा सम्पर्क राखी संस्थापक समुहमा रहेको शेयर मध्ये आफ्नो हक हिस्सामा पर्ने शेयर सर्वसाधारण समुहमा परिणत गर्ने वा नगर्ने भन्ने कुनै एक ढाँचामा निवेदन पेश गर्नु हुन अनुरोध गरिन्छ । आफ्नो हक हिस्सामा पर्ने संस्थापक शेयर सर्वसाधारण समुहको शेयरमा परिणत नगर्ने भनी स्वःघोषणा गर्नु हुने शेयरधनीहरुको हक हिस्सा बाँकी रहेका संस्थापकहरुले उपयोग गर्न सक्ने ब्यहोरा समेत जानकारीको लागि अनुरोध गरिन्छ । साथै यो सूचनाका म्याद भित्र कुनै निवेदन प्राप्त हुन नसकेमा आफ्नो संस्थापक शेयर सर्वसाधारण समुहमा परिणत गर्न मञ्जुर रहेको ठानी सोही बमोजिम सर्वसाधारण समुहमा परिणत गर्ने तर्फ प्रकृया अगाडी बढाइने ब्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**पुनश्च :** यो सूचना, यस सम्बन्धमा बैंकबाट प्रेषित पत्रको नमूना र सो साथ संलग्न निवेदनको ढाँचा यस बैंकको वेवसाईट www.machbank.com बाट समेत प्राप्त गर्न सक्नुहुनेछ ।

अझ सबल, उत्कृष्ट एवं विस्तारित
कर्पोरेट अफिस
एम बि एल टावर, लाजिम्पाट, काठमाण्डौ
फोन नं.: ०१-४४२८५५६
Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड